नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)
सिंहदरवार, काठमाडौं ।

फोन नं. ०१४२००३३१

प.सं. २०७५/०७६
च.न ...३०...

मिति: २०७५/०५/१५

विषयः-सिफारिस कार्यान्वयन सम्वन्धमा ।

**श्री स्थानीय तहहरु, सवै ।**

राष्ट्रिय मानव अधिकार आयोगबाट अध्ययन र अनुसन्धान भई तयार पारिएको मानव बेचविखन सम्वन्धी राष्ट्रिय प्रतिवेदन आ.व. २०७३/०७४ र आ.व. २०७४/०७५ बाट प्रप्त तथ्यहरुको आधारमा नेपाल सरकारलाई सिफारिस कार्यान्वयनको लागि लेखि पठाउने भनी आयोगको मिति २०७५/५/१५ को बुँदागत सिफारिसहरु कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १५१९ मिति २०७५/५/२९ को पत्र मार्फत प्राप्त राष्ट्रिय मानव अधिकार आयोगको च.नं. ६२९ मिति २०७५/५/२२ को पत्र संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने विषयहरुका सम्वन्धमा तहाँबाट विशेष प्राथमिकताका साथ कार्यान्वयन गरी राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस मन्त्रालयमा समेत नियमित रुपमा सोको प्रगति पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७५/६/१

(आनन्दराम विष्ट)
शाखा अधिकृत

**बोधार्थः**
१. श्री राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर ।
२. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
३ श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः यस मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुनं

# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


च.नं.: विशेष समाधीक्षक 828

मितिः २०७५/०५/२२

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. 3080
मिति: २०७५/५/२८

विषयः सिफारिस कार्यान्वयन सम्वन्धमा।

उपरोक्त विषयमा राष्ट्रिय मानव अधिकार आयोगबाट अध्ययन तथा अनुसन्धान, अनुगमनबाट तयार पारिएको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन आ.व. २०७३/२०७४ र आ.व. २०७४/२०७५ बाट प्राप्त तथ्यहरुको आधारमा नेपाल सरकारलाई सिफारीश कार्यान्वयनको लागि लेखि पठाउने भन्ने मिति २०७५ साल भाद्र १५ गतेको आयोगको बैठकबाट निर्णय भए अनुसार तल उल्लेखित सिफारीश विवरणहरु कार्यान्वयन गर्न गराउन आवश्यक व्यवस्था र निर्देशनको लागि पठाईएको व्यहोरा अनुरोध गरिन्छ।

## आयोगको सिफारीश विवरणहरु

(क) निरोध (रोकथाम) सम्बन्धीः

(१) नेपालको संघीय संरचना अनुसार मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति, जिल्ला समिति, तत्कालीन गाँउ विकास समिति (हाल गाँउ पालिका) लाई नेपाल सरकार, प्रादेशिक सरकार, जिल्ला समिति र स्थानीय सरकारले सम्वद्ध सरकारी निकायहरु र प्रत्यक्ष सरोकार राख्ने गैरसरकारी संस्थाका सहभागिता रहने गरि पुर्नसंरचना गर्न।

(२) अति जोखिममा रहेका समुदाय, क्षेत्र र समूह पहिचान तथा नक्शांकन समेत गरि को मानव बेचबिखन रोकथाम तथा ओसारपसार नियन्त्रणको जोखीमको सूचक तयार गरि अति जोखीममा रहेका समूह र समूदायहरुको पहिचान गर्न

(३) मानव बेचबिखन विरुद्धको जनचेतना र अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने। उक्त अभियान सञ्चालन गर्दा किशोर किशोरी समूहहरु, बाल क्लवहरु, महिला समूहहरुलाई परिचालन गरि कार्यक्रमहरु नियमीत र सुदृढीकरण गर्न।

(४) आर्थिक र समाजिक शशक्तीकरणका कार्यक्रमहरुलाई गरिवी निवारण, महिला बालबालीका, दलित तथा जनजाती समूदायहरु र पिछडिएका समूहहरुलाई लक्षित गरि कार्यक्रम नियमीत गर्ने र सुदृढीकरण गर्न।

(५) विपदको अवस्थामा हुने मानव बेचविखनको समस्याको संवेदनशिलतालाई सम्बोधन गर्नको लागि मानव बेचविखन विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८, चौथो पञ्च वर्षिय मानव अधिकार राष्ट्रिय कार्ययोजना आवधीक योजनाहरु र अन्य कार्ययोजनामा पिडितको अधिकार संरक्षणमा केन्द्रित रहि नदोहोरीने दृष्टीकोणबाट पुनरावलोकन गरि समावेश गर्न।


.फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ Audio Notice Board Service Number 1618 01 5010015
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

(ख) **संरक्षणसम्बन्धीः**

(१) मानव वेचविखनमा परेका पिडितहरुको उद्दार तथा स्वदेश फिर्ताको आवश्यकताको पहिचान गर्ने, नेपाल बाहिरबाट उद्दार र स्वदेश फिर्ता गर्न र स्वदेश भित्रै उद्दार गर्नको लागि प्रत्यक्ष सम्बन्धीत मन्त्रालय, कायालयहरु र आवश्यकता अनुसार गैरसरकारी संस्थाको सहभागीता रहने गरि द्रुत तथा स्वचालीत प्रणालीको स्थापना गर्न ।

(२) देश बाहिर वेचविखनमा परेका प्रभावीतहरुलाई कानून विपरीत कार्य गरेको आधारमा सजाय दिन नहुने व्यवस्थाको सुनिश्चीत गर्न । सुरक्षितरुपमा स्वदेश फिर्ता गर्नको लागि विदेश स्थित नेपाली कुटनीतीक नियोगहरु, राष्ट्रिय मानव अधिकार संस्था, नेपाल प्रहरी र मानव वेचविखन विरुद्धको राष्ट्रिय समिति सहितको समन्वयमा गर्न ।

(३) देश वाहिर र नेपालमै वेचिवखनमा परेका महिला तथा पुरुषहरुको लागि गन्तव्य मुलुकमा र स्वदेशमै मानव अधिकार मैत्री पिडित हेरचाह केन्द्र स्थापना, सुदृढीकरण तथा विस्तार गर्न ।

(४) नेपाल सरकारद्वारा खाडी मुलुकमा घरेलु कामदारहरुको लागि लगाईएको उमेर हदका कारण भारत हुदै अलेखबद्ध रुपमा भ्रमण भिसामा गन्तव्य मुलुकबाट जाने कार्यहरुमा बृद्धी भएकोले सो कार्यलाई निरुत्साहीत गर्नको लागि नेपाल सरकारले महिलाहरुको लागि लगाईएको उमेर हद हटाई वैदेशीक रोजगार प्रक्रियालाई प्रभावकारी नियमन गर्न ।

(५) गन्तव्य मुलुकबाट स्वदेश फर्किएका, अध्यागमनबाट फिर्ता पठाईएका, उद्दार भई स्वदेश फिर्ता आएका र परिवारसँग पुर्नएकीकरण भएका, सिप प्राप्त गरि नेपाल फर्केकाहरुको प्रणालीगत अभिलेखीकरण गर्ने व्यवस्था मिलाउन ।

(६) हराएका बाल बालीका तथा महिलाहरु के कति संख्यामा वेचविखन तथा यौन हिंसामा पर्ने गरेका विषयमा अध्ययन तथा अनुसन्धान गर्ने र अध्ययनको तंथ्य तथा निश्कर्षको आधारमा कार्यक्रम बनाई कार्यान्वियनमा ल्याउने एवं आवश्यक प्रणालीको स्थापना गर्ने ।

(ग) **अभियोजनसम्बन्धीः**

(१) मानव वेचविखन खासगरी महिला तथा वालवालिका ओसारपसारको नियन्त्रण, दवाउने तथा सजाय सम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठीत अपराधविरुद्धको महासन्धिको परिपुरक आलेख २००० (पालेर्मो आलेख) लाई अविलंम्व अनुमोदन गर्न हुन । मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ लाई पालेर्मो आलेख अनुरुप हुने गरि शंशोधन गर्ने ।

(२) मानव वेचविखनबाट प्रभावीतहरुलाई एवं वैदेशीक रोजगारका पिडितहरुको न्यायमा पहुँचका लागि प्रभावकारी व्यवस्था मिलाउन, सम्वद्ध निकायहरुको सेवा र दक्षता वढाउन, पिडितहरुको विश्वाशमा बृद्धी गर्न, दोषीलाई विना ढिलाई कारवाही गर्ने कार्यको प्रभावकारीरुपमा सुनिश्चीतता गर्नको लागि आवश्यक व्यवस्था गर्न ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


(३) तोकिएको शुल्क भन्दा बढि शुल्क लिने, गैरं कानूनी रुपमा विदेश पठाउनको लागि भर्ना गर्ने कम्पनी (Manpower Agency), एजेन्टहरु, गलत स्वास्थ्य परिक्षण प्रतिवेदन दिने स्वास्थ्य संस्थाहरुलाई कानूनी दायरामा ल्याउन ।

(४) मनोरञ्जन उधोग डान्स वार, मसाज पार्लर, क्यावीन रेष्टुराँ लगायतका अन्य अनौपचारीक क्षेत्रको प्रभावकारीरुपमा नियमन र अनुगमन गर्ने । यस क्षेत्रहरुको अनुगमन तथा कारवाही समितिलाई नया संरचना अनुसार पुन संरचना गर्न ।

(५) पिडित र साक्षी संरक्षणका व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने र पिडितले प्राप्त गर्ने क्षतीपुर्तिलाई सहज र सरल पहुँचयुक्त बनाउन ।

(६) न्यायीक निकाय, कानून कार्यान्वयन निकायहरु, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश मुख्य न्यायाधिवक्ता, जिल्ला नयायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, मानव बेचविखन विरुद्धका समितिहरु, बैदेशीक रोजगार विभाग, अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरुमा रहेको तथ्यांकहरुको एकीकृत प्रणाली स्थापना गर्न ।

**(घ) क्षमता विस्तारः**

(१) मानव वेचविखन रोकथाम तथा नियन्त्रणका सम्वन्धमा महिला तथा वालवालीका सेवा केन्द्र, अध्यागमन अधिकारीहरु, न्याय सम्पादन गर्ने कार्यमा संलग्न हुने अधिकारीहरु र अन्य सरोकारवालाहरुलाई लक्षित गरि क्षमता विस्तार तालीम कार्यक्रमहरुको योजना वनाई कार्यान्वयन गर्न ।

(२) मानव वेचिवखन तथा ओसारपसारको नया आयामहरुको विषयहरुमा अध्ययन अनुसन्धान गर्न ।

**(ङ) समन्वय र सहयोगः**

(१) स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकार विच मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि प्रभावकारी समन्वय प्रणाली स्थापना गर्न ।

(२) नेपालको वैदेशीक रोजगारीको गन्तव्य मुलुकहरुसँग सहयोग र समन्वयको लागि प्रभावकारी द्विपक्षिय कुटनीतिक सम्वन्ध स्थापीत तथा सुदृढीकरण गर्न ।

(३) गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थाहरुसँग आप्रवासी नेपाली कामदारहरुको मानव अधिकार संरक्षणका लागि द्विपक्षिय संयन्त्रको स्थापना गर्न आवश्यक सहयोग र सहजीकरण गर्न ।

**बोधार्थ तथा कायार्थः**

श्री गृह मन्त्रालय, सिंहदरवार

श्री महिला, बालबालिका, तथा ~~समाज कल्याण~~ ज्येष्ठ नागरिक मन्त्रालय,सिहदरवार

श्री श्रम, ~~तथा~~ रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार

वेद प्रसाद भट्टराई

सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org